**प्राज्ञिक विमर्श**, **वर्ष ७**, **अङ्क**, १३, २०८२ **वैशाख**, ISSN 2676–1297

# वैदिक सनातन परम्परामा प्रचलित विवाहको शास्त्रीय विवेचन

**चिरन्जीवी ढकाल❋**
**chiranjividhakal(@gmail.com**

**अध्ययनसार**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक वा सामाजिक कर्मलाई विवाह वा बिहे भनिन्छ। आजभोलि आधुनिकता या विकृतिका नाममा समलिङ्गी, उभयलिङ्गी आदि अनेक थरी विवाहले पनि विवाहको मान्यता पाउन थालेका छन् तर यी शास्त्रीय मर्यादाभन्दा भिन्न प्रकारका विवाह हुन्। पुराणहरूमा विवाहका प्रकार र प्रचलनको विषयमा धेरै लेखिएको भएता पनि विवाहको प्रचलन कहिलेदेखि सुरु भयो ? भन्ने कुरा चाहिँ निर्क्योल गर्न गाह्रो कुरा हो। श्रीमद्‌भागवत् महापुराण आदि पुराणहरूका अनुसार मैथुनी सृष्टिको आरम्भ स्वायम्भुव मनुका पालादेखि सुरु भएको हो। यसैले ब्रह्माका पुत्र स्वायम्भुव मनु र ब्रह्माकी पुत्री शतरूपा बीच मैथुनमार्फत सन्तान जन्माउनका लागि गरिएको पहिलो विवाह थियो। पुराणभन्दा अगाडिको ऋग्वेदमा पनि विवाहको प्रसङ्ग आएको पाइन्छ। विवाहसम्बन्धि महर्षि उद्दालकको प्रसङ्ग ऋग्वेदमा भेटिन्छ। विवाहका विषयमा मत, विचार, मतभेद धेरै भएको यो महत्त्वपूर्ण संस्कारको विषयमा शास्त्रले के भनेको छ ? ऋषिहरूका मत र मतान्तर के छन् ? सबै कुराको विवेचना यो लेखमा यथाशक्ति र यथासम्भव गरिएको छ।

**मुख्य शब्दावली** - ब्रह्म, आर्ष, पैशाच, कन्यादान, पाणिग्रहण।

**विषय प्रवेश**

वैदिक सनातन सभ्यता विश्वको प्राचीन, उत्कृष्ट एवं वैज्ञानिक सभ्यताका रूपमा प्रसिद्ध छ। धर्मशास्त्र प्रवर्तक महर्षिहरूले वैदिक परम्परा तथा संस्कारलाई मर्यादित बनाउन विभिन्न किसिमका योगदानहरू गरेका छन् र तिनै योगदानको कारणले आजसम्म शास्त्रीय परम्परा र संस्कार जीवित छ। यही क्रममा, हाम्रा जीवनमा हुने संस्कारहरूलाई १६ प्रकारले विभाजन गरिएको छ। ती संस्कारहरूमध्ये निकै महत्त्वपूर्ण संस्कारको रूपमा विवाह संस्कारलाई लिइन्छ। विवाहको स्वरूप, परिभाषा र त्यसमा उठेका विवाद र समाधान यहाँ सङ्क्षिप्त सम्बोधन गरिएको छ। सोह्र संस्कारहरूमध्ये विवाह संस्कार सबैभन्दा महत्त्वपूर्ण संस्कार मानिन्छ। विशेष किसिमले व्यावहारिक जिम्मेवारी वहन गर्ने भएका कारण, दुलाहा र दुलहीको औपचारिक सम्बन्ध गाँस्ने संस्कारलाई विवाह भनिएको हो। हिजोआज, बिहे भएका वा नभएका पुरूषले अविवाहित वा विवाहित महिलासँग हात मिलाउने दुष्प्रचलन हाम्रो समाजमा बढ्दै जान थालेको भए पनि बेहुलाले विधिपूर्वक बेहुलीको हात समाउने (ग्रहण गर्ने) पद्धतिलाई विवाहकै पर्यायका रूपमा 'पाणीग्रहण' भनिन्छ। विवाहलाई पाणीग्रहण, उद्वाह आदि विभिन्न नामले सम्बोधन गरिन्छ।

विश्वको सबैभन्दा प्राचीन संस्कृतिका रूपमा वैदिक सनातन संस्कृति प्रसिद्ध छ। हाम्रा तत्त्वदर्शी महर्षिहरूले हाम्रा व्यवहारहरूलाई सहज र विवादरहित बनाउने विषयमा वैज्ञानिकता र धार्मिकता जोडेर अनेक प्रकारका व्याख्याहरू गरेका छन्। पुराणहरूमा निकै व्याख्या गरिएको अनि समाजमा पनि निकै महत्व दिइएको विवाहको परिभाषा अनि विवाहका प्रकार र यसका कृत्यको विषयमा शास्त्रसम्मत ढङ्गले विवेचन गर्नु सजिलो काम होइन। वैदिक हिन्दू परम्परामा विभिन्न सम्प्रदाय छन्, ती विभिन्न सम्प्रदायमा प्रचलित विभिन्न विवाह संस्कारहरूका बारेमा निरूपण गर्नु नै यस लेखको उद्देश्य रहेको छ। प्रस्तुत लेखका निम्ति पनि प्राथमिक सहायक सामग्रीका रूपमा धर्मशास्त्रका मूल मानिने स्मृति, ब्राह्मण-आरण्यक ग्रन्थ, पुराण, रामायण-महाभारत जस्ता

**❋ लेखक धर्मशास्त्रका विषयका अनुसन्धाता हुन्।**

ग्रन्थलाई नै आधार बनाइएको छ । यसका साथै धर्मशास्त्रका विभिन्न ग्रन्थहरू, ज्योतिषका ग्रन्थहरू पनि सहायक स्रोतका रूपमा लिइएको छ । कतिपय तथ्यलाई पुष्टि गर्नका लागि धर्मशास्त्रका मूल ग्रन्थका टीकाहरू, वृत्तिहरू, भाष्यहरू, हिन्दी एवं नेपालीमा भएका सामग्री पनि प्रयोग भएका छन् । सङ्कलित सामग्रीलाई मूलतः वर्णनात्मक र विश्लेषणात्मक,विधि आधारित भएर अध्ययन गरिएको छ । मनुस्मृति, याज्ञवल्क्यस्मृति, विष्णुस्मृति, नारदस्मृति, गरुडपुराण आदिमा उल्लेख भएका प्रसङ्गहरूलाई यस लेखमा प्रस्तुत गरिएको छ । पुस्तकालय तथा आधुनिक सञ्चारमाध्यम जस्तै विकिपिडिया, विश्वकोषजस्ता स्रोतहरूबाट प्राप्त विषयवस्तुलाई पनि यहाँ प्रयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

संस्कृतको “वह् प्रापणे” भन्ने धातुमा वि उपसर्ग लागेर विवाह शब्द बन्छ । विशेष किसिमले जिम्मेवारी बहन गर्नु या बोक्नु भन्ने अर्थमा विवाह शब्द प्रयोग भएको पाइन्छ पुरुषले स्त्रीलाई आफ्नी अर्धाङ्गिनीको रूपमा स्वीकार गर्नु र सँगै सम्पूर्ण धर्मकर्म आदि गर्दै कल्याणको प्राप्ति गर्नु भन्ने अर्थमा विवाह शब्द प्रयोग गरिएको पाइन्छ । जन्मभन्दा अघिदेखि मृत्युपर्यन्त विभिन्न समयमा मनुष्यलाई परिष्कृत पार्न गरिने विशेष कर्महरूलाई संस्कार भन्दछन् । संस्कारले प्राकृतिक रूपमा रहने विभिन्न दोषहरू हटाई मनुष्यलाई परिष्कृत वा सुसंस्कृत पारी योग्य बनाउने काम गर्दछन् । मनुष्य जन्मँदा प्रायः पशु समान प्राणी हुने हुँदा उसमा दया, क्षमा, अनसूया, शौच इत्यादि मनुष्योचित गुणहरूको आधान गर्न र उसलाई आत्मज्ञान गर्ने उच्च भावभूमिमा पुऱ्याउनसमेत गर्भाधानका समयदेखि नै संस्कार गर्नुपर्ने हुन्छ । मनुस्मृतिले शास्त्रनिर्दिष्ट गर्भाधानादि संस्कारलाई शरीरको (सूक्ष्मशरीरको समेत) संस्कारका निमित्त गरिने हो भन्ने मानेको छ -

**वैदिकैः कर्मभिः पुण्यैर्निषेकादिर्द्विजन्मनाम् ।**

**कार्यः शरीरसंस्कारःपावनः प्रेत्य चेह च ॥ २।२६ ।**

संस्कारहरूमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह, अग्न्याधान र अन्त्येष्टि क्रिया प्रमुख हुन् । तीमध्ये विवाह संस्कार अत्यन्त महत्त्वपूर्ण संस्कार हो । यस संस्कारलाई सबै जातिका मानिसले उत्तिकै महत्त्व दिएको देखिन्छ । विवाहको अर्थ महिला र पुरुषको शारीरिक सम्बन्ध मात्र नभएर सन्तान उत्पादन आत्मीय सम्बन्ध सँगै गरिने कल्याण या दुई पक्षीय उन्नति पनि हो । अर्को अर्थमा परम्परादेखि चल्दै आएको सृष्टि परम्परालाई आफूले पनि बहन गरेर अर्को पुस्तासम्म पुऱ्याउनु पनि विवाह हो । वैदिक सनातन परम्पराका ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास यी चार अवस्थामा ब्रह्मचर्य आश्रम पछिका गृहस्थ र वानप्रस्थ आश्रमसम्म विवाहको सम्बन्ध रहन्छ । चतुर्थ आश्रम अर्थात् सन्यासमा चाहिँ वैवाहिक सम्बन्ध लगायत संसारका सम्पूर्ण सम्बन्धहरू त्यागेर संन्यस्त हुनुपर्छ ।

हिन्दू परम्पराअनुसार गरिने १६ संस्कारहरूमध्ये विवाह एउटा महत्त्वपूर्ण संस्कार हो । किनभने विवाहपछि नै गर्भाधान पुंसवन, जातकर्म, नामकरण, व्रतबन्ध, चूडा-उपनयन आदि सम्पूर्ण कर्महरूको सुरुवात हुन्छ । प्राचीन कालमा ऋषिमुनिहरूले विवाहको व्याख्या गर्दा शारीरिक सम्बन्ध मात्र नभई दुई स्त्री र पुरुषको आत्मा, मन, प्राण र शरीर सबै कुराको एकीकरणको अपेक्षा गरेको भेटिन्छ । विवाहको अर्थ केवल शारीरिक सम्बन्ध मात्रै होइन गृहस्थधर्म परिपालन गरेर बिस्तारै ईश्वर या ब्रह्मप्राप्तिको बाटोमा लाग्नु पनि हो ।

हिन्दू मान्यताअनुसार वैवाहिक सम्बन्ध केवल एक जन्मको मात्र नभएर जन्म जन्मान्तरसम्मको सम्बन्ध हो । प्राचीन कालमा विवाह भन्ने विधि नभएको र महिलाहरू स्वच्छन्द रूपले रहने कुराको वर्णन महाभारतमा भेटिन्छ तर कालान्तरमा विवाहको विधि ल्याएर महिला र पुरुषलाई काम उपभोग वासना अर्थात् यौन सम्बन्धमा सीमाभित्र राखेर मर्यादित रही काम उपभोग गर्नु र सन्तान उत्पादन गर्नुसँग पनि जोडिएर व्यवस्थित बनाइयो । धर्मशास्त्रअनुसार विवाह नभएको व्यक्ति यज्ञको अधिकारी नै हुँदैन ।

धर्मशास्त्रमा विवाहको उमेरका विषयमा पनि केही कुराहरू बताइएको छ विशेषगरी ऋषिमुनिहरूले २५ वर्षको पुरुष र १२ वर्षकी महिला कन्या विवाहका लागि योग्य हुन्छन् भनेर बताएका छन् यद्यपि यो मत अहिले नेपालमा या विश्वमा प्रचलित कानुनसँग भने मेल खाँदैन ।

**विवाहका प्रकारहरू**

विवाह कति किसिमका हुन्छन् भन्ने विषयमा ऋषिमुनिहरूले आफ्ना विभिन्न मत या मतभेदहरू प्रकट गरेका छन् । यसमा चाहिँ महर्षि मनुको विचारलाई नै सर्वोत्कृष्ट मानिन्छ । तत्कालीन समय परिस्थिति र समाजलाई ध्यानमा राखेर महर्षि मनुले आठ प्रकारका विवाहको वर्णन गरेका छन्ः ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच । महर्षि मनुले विभाजन गरेका यी आठ प्रकारका विवाहहरूमा महर्षि याज्ञवल्क्य र महर्षि आश्वलायन पनि सहमत छन् । अन्य गृहसूत्रहरूमा यस्ता प्रकारका विवाहको वर्णन पाइँदैन तिनीहरूमा केवल ब्राह्म र आसुर गरी दुई प्रकारका विवाहको वर्णन पाइन्छ ।

यी आठ प्रकारका विवाहहरूलाई पनि श्रेष्ठ र निकृष्ट अथवा प्रशस्त र अप्रशस्त गरेर ऋषिमुनिहरूले दुई भागमा विभाजन गरेका छन् । ब्राह्म, दैव, आर्ष र प्राजापत्य यी चार विवाह श्रेष्ठ या प्रशस्त हुन् भने अन्य आसुर, गान्धर्व, राक्षस र पैशाच विवाह चाहिँ निकृष्ट या अप्रशस्त विवाह हुन् । यहाँ ती आठै प्रकारका विवाहहरूको सङ्क्षिप्त विश्लेषण यहाँ प्रस्तुत गरिएको छः

**ब्राह्म विवाह –**

सम्पूर्ण आठ प्रकारका विवाहहरूमध्ये सबैभन्दा शुद्ध र विकसित विवाह यही विवाह हो । यसलाई ब्रह्म विवाह भनिएको छ किनभने यो संस्कारयुक्त विवाह द्विजहरूमा श्रेष्ठ ब्राह्मणका लागि समेत उपयुक्त मानिएको छ । यसमा आफ्नी कन्याका लागि पढेलेखेको या सद्आचारमा रहेको वर खोजेर कन्याका मातापिताले विधिपूर्वक मन्त्रचारण गरी वरसँग कुनै पनि प्रकारको शुल्क या पैसा नलिइकन विवाह गरेर दिन्छन् । यसरी गरिएको कन्यादानले आफूभन्दा माथिका १२ पुस्ता आफूभन्दा पछाडिका १२ पुस्ता र आफूसहित गरेर २५ पुस्ताको कल्याण गर्दछ भन्ने प्रमाण महर्षि आश्वलायनले दिएका छन् ।

**दैव विवाह**

ब्रह्म विवाहपछिको उत्कृष्ट विवाह दैवविवाह हो । आफ्नो घरमा पूजा, यज्ञ, सप्ताह आदि देवकर्म भइरहेको बेलामा पुरोहित भएर आएका योग्य ब्राह्मणलाई आफ्नी योग्य कन्या विवाह गरेर दिने विधि नै दैव विवाह हो । महर्षि बौधायनका अनुसार दैव विवाहमा कन्यालाई यज्ञको दक्षिणाका रूपमा दिने चलन थियो । किनभने यो कन्यादान यज्ञको अवसरमा गरिन्थ्यो । यो विधिमा प्राचीन कालमा विशेषगरी ब्राह्मणलाई दिने चलन थियो । यज्ञको अवसरमा योग्य ब्राह्मणलाई आफ्नी योग्य कन्या दिनु निकै ठूलो कुरा ठानिन्थ्यो । पछि यो विवाहमा विकृति आउन थाल्यो । यज्ञमा आएका ब्राह्मणहरू जस्तासुकै भएपनि वरमा हुनुपर्ने गुणहरू विचार नै नगरी कन्याका पिताले कन्यादान गर्दा कन्याको जीवन त्यति सुखमय नहुने भइसकेपछि हिजो आज यस्तो किसिमको विवाह प्रचलनमा रहेको पाइँदैन ।

**आर्ष विवाह**

ब्राह्म विवाह र दैव विवाहपछिको उत्कृष्ट विवाह आर्ष विवाह हो। आर्ष अर्थात् ऋषि परम्परामा चलेको विवाह भन्ने बुझिन्छ। यो नामले नै थाहा हुन्छ कि यो विवाह विधि प्राचीन कालमा ऋषि परम्परामा योग्य पुरोहितहरूमा या ब्राह्मणहरूको कुलमा प्रचलित थियो। कुनै ऋषिको या ब्रह्मचारीको ज्ञान, योग्यता यी कुराहरू विचार गरेर आफ्नी योग्य कन्याको विवाह उनैसँग गराइदिने परम्परा नै आर्ष विवाह हो।

केही स्मृतिकारहरूले भने आर्ष विवाहलाई वर या कन्यापक्षबाट गोमिथुन अर्थात् गाईको जोडा अथवा गाई र गोरुको जोडा लिएर त्यसको बदलामा कन्या दान गर्ने विधि हो भनेर व्याख्या गरेका छन्। विवाहको बेला वरपक्षबाट लिएको गाईको जोडा पछि बेहुली अन्माउने बेलामा बेहुलीसँगै बेहुलाकै घरमा फिर्ता पठाइदिनुपर्छ भन्ने मत आश्वलायन, बौधायन, आपस्तम्भ, याज्ञवल्क्य आदिको छ। महर्षि मनुका अनुसार वरपक्षबाट लिइएको त्यो गाईको जोडा कन्याका लागि शुल्क नभएर वरपक्षको पूजा या वरपक्षलाई दिइएको उपहार मात्र हो। वीरमित्रोदयमा पनि, विवाहको बेला उपहार दिन नसक्ने कन्याका बुबाआमाले कन्या सँगसँगै गाई पनि दिन सकियोस् भनेर पूजाको लागि लिइएको गौदान हो, गाईसँग कन्या साटेको होइन भनेर व्याख्या गरेका छन्। यो विधिले कन्यादान गर्नाले वर र कन्या दुवैतर्फ सात पुस्ता पवित्र हुन्छन् भन्ने मान्यता छ।

**प्रजापत्य विवाह**

यो विवाहमा कन्याका पिताले आफ्नी कन्याका लागि योग्य र गुणसम्पन्न वरको खोजी गरी "अबदेखि तिमीहरूले दुवैजना मिलेर धार्मिक, सामाजिक कर्महरू सम्पन्न गर" भनेर कन्यादान गर्छन्। यो विवाहमा वरवधुलाई वर र वधुका मातापिता दुवैले धर्मअनुसार आचरण गर भनेर आज्ञा दिन्छन्। यसरी बुवाआमाले आज्ञा दिएर वर र वधुको विवाह गरिदिने विवाह नै प्राजापत्य विवाह हो भन्ने मतमा आश्वलायन, गौतम र मनु एकअर्कासँग सहमत भएको पाइन्छ। प्रजापति अर्थात् सृष्टिकर्ता ब्रह्माको ऋण चुकाउन अर्थात् सन्तान उत्पादन गरेर सृष्टि प्रक्रिया अगाडि बढाउनका लागि गरिने विवाह नै प्राजापत्य विवाह हो। यही उद्देश्य राखेर नै वर र वधु एक आपससँग जोडिन्छन्।

प्रजापत्य विवाहको अर्को एउटा विशेषता के छ भने विवाह गर्ने कन्याका दाइ या भाइ कोही पनि नभएको अवस्थामा कन्याको पिताले कन्यादान गर्दा वरसँग सर्त राख्न सक्छ कि यिनीबाट जन्मिएको छोरो मेरो छोरो हुनेछ अर्थात् पुत्रिकापुत्र हुनेछ। अथवा यसरी विवाह हुने बेलामा पुत्रिका एव पुत्र (छोरी नै छोरो) तिमी मेरी छोरी भएर कन्यादान दिए पनि मेरो छोरा पनि तिमी नै हौ भनेर स्वीकार गर्न मिल्छ। वर्तमान समाजको मागी विवाह यही प्राजापत्य विवाहको स्वरूप हो। यो विवाहमा व र र कन्या दुवैजना युवक या युवती हुन्छन् र यिनीहरू वैचारिक रूपमा परिपक्व पनि हुन्छन्।

**आसुर विवाह**

विवाहका आठ प्रकारमध्ये श्रेष्ठ चार विवाहपछि निकृष्ट चार विवाह मध्येको पहिलो विवाह आसुर विवाह हो। केटापक्षले कन्याका आफन्तलाई टन्न धन या पैसा दिएर कन्याको इच्छा विपरीत या इच्छानुरूप स्वच्छन्दतापूर्वक कन्यासँग विवाह गर्दछ भने त्यस्तो विवाहलाई आसुर विवाह भनिन्छ भनेर मनुस्मृतिमा व्याख्या गरिएको छ। यस्तो विवाहको मुख्य तत्त्व भनेको धन नै हो, यो विवाहमा कन्याको चाहनाको कुनै अर्थ छैन। मनुस्मृतिका अनुसार कन्यादान गर्ने पिताले वरपक्षबाट कुनै पनि धन लिनु हुँदैन। त्यसरी धन लिनु भनेको कन्या बेच्नु सरह हो। आचार्य आपस्तम्बको मतमा पनि ब्राह्मण, क्षत्रीय, वैश्यले त परै जाओस्। शूद्रले पनि विवाहको बेलामा कन्याको सट्टामा शुल्क लिनु हुँदैन। शुल्क लिनु भनेको घुमाउरो पाराले छोरी बेच्नु नै हो। आचार्य

बौधायनका अनुसार धनद्वारा किनिएकी महिलाले पत्नीको स्थान ग्रहण गर्न सक्दिन, त्यसैगरी देवकार्य या पित्रीकार्यमा भाग लिने अधिकार पनि उसलाई हुँदैन किनभने ऊ केवल दासी जस्तै हुन्छे । पैसा लिएर छोरी दिनेहरूलाई बौधायनले भन्छन् जसले लोभी भएर धनका लागि आफ्नी छोरी बेच्छन् तिनीहरू आत्मविक्रयी र महापापी हुन् । तिनीहरू नरकमा पर्दछन् । तिनीहरूले आफूभन्दा सात पुस्ता र आफूभन्दा तलका सात पुस्तालाई पनि नरकमा लान्छन् ।

**गान्धर्व विवाह**

यो छैठौं प्रकारको विवाह हो । कुनै पुरुष र महिला परस्परमा या आपसी समझदारीमा सँगै जीवन बिताउने निश्चय गरेर बन्धनमा बाँधिन्छन् भने त्यस्तो विवाहलाई गान्धर्व विवाह भनिन्छ । महर्षि गौतम र हरितका अनुसार गन्धर्व विवाहमा कन्याले आफ्ना लागि आफ्नो वर आफै रोज्छिन् । मनुस्मृतिका अनुसार कुनै कन्या र वर यौनचाहनाले वशीभूत भएर आफ्नो इच्छा अनुसार शारीरिक सम्बन्ध बनाउँछन् भने त्यस्तो प्रकारको विवाहलाई गान्धर्व विवाह भनिन्छ । यस्तो विवाहमा वर र कन्याका बुवाआमा या अभिभावकको कुनै भूमिका हुँदैन । आफूलाई मनपर्ने जीवनसाथी आफैले रोज्ने परम्परा नै गान्धर्व विवाहको परम्परा हो । प्राचीन कालमा या पौराणिक कालमा गन्धर्व विवाह भएका थुप्रै प्रसङ्गहरू पाइन्छन् । उमेर पुगेका युवा युवतीहरू एकआपसमा आकर्षित हुनु स्वाभाविकै हो । ऋग्वेदमा पनि कुनै महिलाले गहना आभूषणले सजिएर जनसमुदायमा गइ आफ्नो जीवनसाथीको वरण गर्छ भने त्यस स्त्री भद्रा भनेर चिनिन्छे भन्ने किसिमको वर्णन गरेको छ । आफ्नी कन्या युवती भइसकेपछि आफ्नो लागि आफ्नो जीवनसाथी आफै रोजेको अवस्थामा त्यो कन्याकी आमा निकै खुसी हुन्छिन् भन्ने प्रसङ्ग ऋग्वेदमा भेटिन्छ । महाभारतमा पनि दुष्यन्त र शकुन्तलाको विवाह गान्धर्व विधिले नै भएको थियो । त्यसैगरी नल र दमयन्तीको विवाह पनि गान्धर्व विधिले नै भएको थियो । यसरी कुनै प्रकारको लोभ, शर्त, बन्देज केहीमा नपरिकन उमेर पुगेका युवा युवतीले आफ्नो जीवनसाथी आफैले रोज्ने विवाहलाई गान्धर्व विवाह भनिन्छ । हिजो आज बोलीचालीको भाषामा love marriage भनेर जुन विवाहलाई चिनिन्छ त्यही नै शास्त्रीय परम्परामा गन्धर्व विवाह हो ।

**राक्षस विवाह**

यो निकृष्ट विवाह मध्येको दोस्रो विवाहको प्रकार हो । मनुस्मृतिअनुसार आफूलाई मनपरेकी युवती ल्याउने बेलामा उसका अभिभावक या रक्षकलाई हानेर मारेर काटेर क्षतविक्षत पारेर रोइरहेकी डराइरहेकी अथवा इच्छा नभएकी कन्यालाई घरबाट जबरजस्ती लुटेर खोसेर विवाह गरेर आफ्नी श्रीमती बनाउने तरिका नै राक्षस विवाह हो । यस्तो विवाहमा युवकले या वरपक्षले कन्याका अभिभावकको या कन्याको पनि स्वीकृति या अनुमति पर्खँदैन आफूलाई मनपरेकी कन्यालाई जवरजस्ती भएपनि उठाएर लिएर जाने र आफ्नो परम्पराअनुसार या संस्कार अनुसार श्रीमती बनाउने विवाह नै राक्षस विवाह हो । विष्णु स्मृति र याज्ञवल्क्य स्मृतिमा बताइएअनुसार पहिला पहिला युद्ध गर्दाखेरि हारेकी व्यक्तिकी कन्या अपहरण गरेर आफ्नी श्रीमती बनाउने चलन थियो । भागवत, महाभारत आदि प्रसङ्गहरूमा कन्याको चाहना हुँदाहुँदै पनि उसका अभिभावकले दाजुभाइले नदिएको अवस्थामा उनीहरूसँग युद्ध गरेर कन्यालाई आफ्नी बनाउने विधि विधान पनि राक्षस विवाहमा नै पर्दछ । श्रीमद्भागवत महापुराणमा रुक्मिणीले श्रीकृष्णलाई मन पराएकी थिइन् तर रुक्मिणीका बुबा र दाइभाइहरू श्रीकृष्णको विरुद्धमा थिए । उनीहरूसँग युद्ध गरेर रुक्मिणीलाई आफ्नो बनाउनु भएको प्रसङ्ग पनि प्रकारान्तरले राक्षस विवाह नै हो भन्ने भेटिन्छ ।

यसका अतिरिक्त धर्मशास्त्रमा प्रत्युवाह अर्थात् सट्टा विवाह सङ्ग्रहीता अर्थात् बिहे नगरी ल्याइते ल्याउने त्यसै गरेर, अनुलोम विवाह अर्थात् माथिल्लो जातको केटासँग तल्लो जातकी केटीले विवाह गर्ने, प्रतिलोमा विवाह अर्थात् माथिल्लो जातकी केटीसँग तल्लो जातको केटाले विवाह गर्ने गरेको प्रसङ्ग धर्मशास्त्रमा भेटिन्छ ।

हिजो आज त समाजमा सगोत्रमै पनि विवाह गरेका उदाहरणहरू फाट्टफुट्ट देख्न पाइन्छ । जसलाई धर्मशास्त्रले अत्यन्त निषेध गरेको छ ।

**विवाहमा गरिने संस्कारका मुख्य कर्महरू**

विवाह संस्कारका वरपूजन, कन्यादान, लाजाहोम र सप्तपदी गरी चार अङ्ग मुख्य मानिन्छन् । कन्याका पिताले वरका चरण प्रक्षालन गरी वरलाई आसन दिएर अर्घ्य आदिले पूजा गर्नुपर्छ । कन्याका अभिभावकहरूले दूबो, जल, अक्षता, फूल आदिसहित हातमा जल लिएर कन्याको गोत्र, प्रवर, शाखा आदि उच्च स्वरमा तीनपुस्ते व्यक्तिको नाम उच्चारण गर्नुपर्छ । उच्चस्वरमा यसरी नाम आदिको उच्चारण गर्नु भनेको वर वा वधू कुनै पक्षमा शङ्का लाग्यो भने हुन लागेको विवाह कार्यक्रम रोकिन पनि सकोस् भन्ने नै हो ।

यसरी सङ्कल्पपूर्वक कन्यादाताले कन्याको दाहिने हातको बूढी औँला वरका हातमा समर्पित गरिदिन्छन् । “हे अग्नि ! तपाईंले मलाई जन्मघरबाट बिदाइ हुने शक्ति दिनुहोस् र कर्मघरमा मलाई सुदृढ बनाउनुहोस् ।” भनेर आफ्ना भाइको सहायताले कन्याले लावा हवन गर्नुपर्छ ।

भाइले लावा दिँदा दिदीभाइको पारस्परिक स्नेह प्रगाढ हुन्छ । लावा समृद्धिको प्रतीक मानिने हुँदा बिदाइ भएर कर्मघर गए पनि जन्मघरसँगको स्नेहसम्बन्ध लावाझैं ऊर्वर रहिरहोस् भन्ने अपेक्षा राखिएको हुन्छ । कन्यालाई जन्मघरबाट बिदाइ हुने शक्ति प्राप्त हुन सकोस् भन्ने कामनाले नै लावाको हवन गरिन्छ । अग्निलाई नै साक्षी राखेर वरले कन्याको पाणिग्रहण (हातथाम्ने) गर्ने शास्त्रीय विधान छ ।

कन्यालाई पत्थरमा टेक्न लगाउनुको आशय पत्थरजस्तै गृहस्थाश्रममा दृढ रहन प्रेरित गर्नु हो । विवाहमा चारपटक यज्ञको प्रदक्षिणा गर्नु भनेको धर्म, अर्थ, काम र मोक्ष चार पक्षको प्राप्तिका लागि हो । विवाहमा सप्तपदीको पद्धति अवलम्बन गर्नु भनेको सात पाइला अघि बढाउँदै क्रमशः पत्नीलाई सात ठाउँको अधिकार प्रदान गर्नु हो ।

अन्न, बल, धन, सुख, गाईवस्तु र ऋतुचर्या यी छ स्थानको अधिकार प्राप्त गरिसकेपछि कन्याले सातौँ स्थानका रूपमा पुरूषको अर्धाङ्गिनी बन्छे । पुरूषले प्रत्येक स्थानमा अधिकारिणी बन्न आग्रह गर्दै जान्छ भने कन्याले तिनलाई क्रमशः स्वीकार गर्दै जान्छे । ‘सखे ! सप्तपदा भव’ भनेर पत्नीलाई वैदिक मन्त्रद्वारा नै साथीका रूपमा स्वीकार गरिएका कारण पत्नीसँग दासीको जस्तो व्यवहार गर्नु हुँदैन ।

विवाह गरेका दिनदेखि सिन्दूरले भरिएको सिउँदो सजाउँदै जाने पत्नीलाई देवताले मात्र होइन मान्यजनहरूले सौभाग्यवती भइरहने शुभाशीर्वाद प्रदान गर्छन् परन्तु वर्तमान समयमा विवाहित महिलाको सिउँदामा सिन्दूर देख्ने सुअवसर अत्यन्त कम पाइन्छ ।

रातमा गरिने विवाहमा पत्नीलाई ध्रुवताराको दर्शन गराउनु भनेको ध्रुवतारा जस्तै हाम्रो सम्बन्ध अटल रहन सकोस् भन्नका लागि हो । आजकल सबैजसो विवाह दिउँसो नै सम्पन्न गरिने भएकाले विवाहमा ध्रुवताराको दर्शन गर्नबाट नवदम्पतीहरू वञ्चित भएका छन् । यसलाई धर्मशास्त्रले वाग्दान, स्वयंवर, वरणी, कन्यादान, लग्नग्रंथी, गुप्ताहुति, लाजाहवन, पाणिग्रहण, शिलारोहण, गाथागान, अग्निपरिक्रमण, शिलापूजन, अष्टपर्वतपूजन, सप्तपदी, हृदयालम्भन, आसनपरिवर्तन, शैलराजदूहिता, ग्रहतिलक, चतुर्थीआदि विधि भनेर निर्देशन गरेका छन् ।

**विवाहमा ज्योतिष विचार**

भावी दाम्पत्यको कुण्डली मिलान जसलाई ज्योतिषीय भाषामा 'वरवधु मेलापक' भनिन्छ । बैदिक परम्परामा कुण्डली मिलान अति आवश्यक मानिन्छ । ज्योतिष शास्त्रले मेलापकमा भिन्न भिन्न आधारमा गुणको

जम्मा संख्या ३६ निर्धारित गरेको छ, जसमा १८ या त्यस भन्दा बढी गुणको मिलान भए विवाह र दाम्पत्य सुखको लागि उत्तम मानिन्छ।

**वर्णो वश्यं तथा तारा योनिश्च ग्रहमैत्रकम् ।**
**गणमैत्रं भकूटश्च नाडी चैते गुणाधिकाः ॥**

मुहूर्तचिन्तामणि अनुसार १ वर्ण, २ वश्य, ३ तारा, ४ योनि, ५ ग्रहमैत्री, ६ गण, ७ भकूट, ८ नाडी यथाक्रमले संख्याअनुसार गुण निर्धारण गरिन्छ र त्यसै गुणका आधारमा भावी दाम्पत्यको भविष्य निर्धारण गरिने भएकाले कुण्डली मिलान अति आवस्यक छ।

कुण्डलीमा गुण मिलनका साथै मल दोष सहित सप्तम भाव एवं सप्तमेश दाम्पत्य सुख प्राप्तिको लागि विशेष महत्व छ। यसका साथै द्वितीय भाव एवं द्वितीयेश, पञ्चम भाव एवं पंचमेश, एकादश भाव एवं एकदशेश, द्वादश भाव एवं द्वादशेश आदिको विचार गर्न आवस्यक हुन्छ। यस विषयमा योग्य एवं जानकार ज्योतिषी पण्डितको सल्लाह लिनु आवस्यक छ र यी सबै राम्रो भए मात्र दाम्पत्यजीवन प्रेम र सामन्जस्यले परिपूर्ण परिवार भई यो संसारमा रहेरपनि स्वर्गको अनुभूति गर्दछन् ।

कुण्डली एवं चिना वस्तवमा व्यक्तिगत विवरण पत्र नै हो । त्यसमा जातकको चिनारी प्रस्तुत गरिएको हुन्छ। व्यक्ति जन्मदा कुन भुगोल, कुन खगोलीय अवस्थिति थियो ? भूगोल अन्तर्गत पनि कति अक्षांश र देशान्तरमा उसको जन्म भएको, कुन गोत्र, प्रवर, थर, शाखा, तीनपुस्ते विवरण सहित तिथिमितिको परिपक्व दस्तावेज वास्तु नै चिना हो भने 'वरवधु मेलापक' अर्थात् कुण्डली मिलान दाम्पत्यजीवनमा प्रेम र सामन्जस्यले परिपूर्ण परिवार, सुख र स्वर्गको अनुभूति, वंश वृद्धि र उत्तम दाम्पत्य सुख प्राप्त गर्न निकै आवस्यक छ।

मेलापक प्रथामा महत्त्व दिनु पनि जाति र वर्गअनुसारका आ-आफ्नै प्रचलन छन् । हिन्दू संस्कारअनुसार प्रायः नाडीलाई अधिक महत्त्व दिने गरिन्छ। नाडी योगशास्त्र र वैद्यकशास्त्रमा प्रयुक्त शब्द हो। शारीरिक नशनलीमा रक्तप्रवाह राम्रो रहेमा मानिसको स्वास्थ्य स्वच्छ हुन्छ भन्ने वैद्यशास्त्रीय मान्यता छ। त्यसैले यो स्वास्थ्यप्रति लक्षित शब्द हो । नाडी तीन छन् - आद्य, मध्य र अन्त्य । यिनमा समान नाडी हुनु हुँदैन । एकै प्रकारका नाडीले व्यक्ति एक-अर्काप्रति आकर्षित हुँदैनन्, यसमा विरोध हुन्छ भनेरै भिन्न नाडी हुँदा शुभ मानिएको हो । एक प्रकारले यो रक्तसमूहजस्तै वैज्ञानिक व्यवस्था हो भन्ने बुझिन्छ। यो प्रथा ब्राह्मण, क्षत्री समाजमा अधिक प्रचलित छ। गुरुङ समुदायका मानिसहरू आफ्नै वर्गज्योतिषमा विश्वास राख्दछन्। उत्तरी भारत र नेपालमा अष्टकूट मिलान नै अधिक प्रचलनमा छ। दक्षिण भारततिर भने गुणगणना गरी निर्णय लिने प्रथा छैन, त्यसतर्फ माहेन्› विचार, स्त्रीदीर्घ विचार, रज्जुचक्र, वेध आदि हेरी निर्णय लिने गरिन्छ। नेपाली समाजमा अष्टचक्र मिलानको पात्रेचक्र नै बढी हेरी गुणगण र नाडीका आधारमा निर्णय लिने गरिन्छ। नक्षत्रका आधारमा हुने यस पद्धतिमा अष्टकूट मिलान नै उपयोग गरिन्छ तर यसैको पादवेध वा अंशवेधजस्तो सूक्ष्म पद्धतिमा गएर विचार गरिँदैन, पात्रोमा त्यसको व्यवस्था पनि देखिन्न। ग्रहमैत्रीबाट हुने परिहार एवम् ग्रहभाव मिलानको परिणामतर्फ पनि त्यति विचार राखिँदैन। अन्यको बढी निधिखोजी नगरिए पनि नाडीदोष लागेपछि बर्बाद नै हुन्छ भनी विवाह निषेध नै गर्ने प्रवृत्ति, संस्कारगत रूपमैं विद्यमान छ। नाडीदोषको पनि परिहार हुन्छ र विवाह सफल हुन्छ भन्ने सोच विकसित भएको पाइन्न । यस्तै स्थूल पद्धति मात्रै हेरी निर्णय लिने प्रवृत्तिले कति योग्य जोडीहरू पनि वैवाहिक मधुर सम्बन्धबाट वञ्चित हुन पुगेका छन् । त्यसैले पेशागत ज्ञानमा पनि गहनता र समाजमा पनि गुणग्राहीपन आउन आवश्यक देखिन्छ। यही उद्देश्य र प्रयोजनका निमित पनि यस विषयसम्बन्धी आवश्यक तथ्यहरूलाई प्रकाशमा ल्याउने प्रयास गरिएको छ।

अष्टकूट मिलानमा जम्मा आठ घटक हुन्छन् । सबभन्दा बढी अङ्क नाडीको र सबभन्दा कम अङ्क वर्णको हुन्छ। अङ्कक्रमानुसार नाडी - ८, भकुट - ७, गण - ६, ग्रहमैत्री - ५, योनि - ४, तारा -३, वश्य - २ र वर्ण - १ गरी समग्र जोड ३६ रहेको हुन्छ। महत्त्वको आधारमा अङ्कविधान हुँदा नाडीलाई सबैभन्दा बढी अङ्क दिइएको छ।

अन्य सबैको अधिकाधिक मिलान भएर गुणाधिक रहेको स्थिति भए पनि नाडी लागेमा विवाहकै निषेध गरिन्छ। गुण कम आए पनि नाडी लाग्न हुँदैन भन्ने मान्यताले बढी बल पाएको पाइन्छ।सबै घटकले आ-आफ्ना विषयलाई इङ्गित गरेका छन्। जस्तै - नाडीले स्वास्थ्य र सन्तान, राशिले दाम्पत्यसुख, गणले स्वभाव वा प्रकृति, ग्रहमैत्रीले प्राकृतिक सामञ्जस्य, योनिले कामभावना, ताराले सम्पत्ति, वश्यले नियन्त्रण, वर्णले व्यवहार एवम् दृष्टिकोणलाई इङ्गित गर्दछन्। वैवाहिक जीवनमा स्वास्थ्य र सुख नै अधिक महत्त्वका विषय हुन्। स्वास्थ्य राम्रो रहे सन्तान पनि स्वस्थ जन्मन्छन्। सुखको स्थिति बनेपछि समृद्धि पनि स्वतः बढ्दै जान्छ, तसर्थ नाडी, भकूट, गण र ग्रहमैत्रीलाई अधिक महव दिइएको छ।

मेलापक प्रथामा आ-आफ्नो रीतिरिवाज, परम्परा र संस्कृतिअनुसार अष्टकूट मिलानका अतिरिक्त पोरुथुम, नागनाडी, षड्नाडी, मंडल हेर्ने पद्धति पनि प्रचलित छन्। नागनाडी नाडीकूटजस्तै हो तर यसको क्रम कृतिका नक्षत्रबाट हुन्छ। षड्नाडी जन्मनक्षत्रका आधारमा हेरिन्छ। यसका वरकन्या नक्षत्रदेखि दसौँ नक्षत्रबाट कर्मनाडी, १५औँ नक्षत्रबाट मानसनाडी, १६ औँ नक्षत्रबाट साङ्घातिक नाडी, १८औँ नक्षत्रबाट समुदाय नाडी हुन्छ। त्यस्तै २३औँ नक्षत्रलाई वैनाशिक नाडी भनिन्छ। कर्मनाडीले कर्महानि, मानसनाडीले मानहानि अर्थात् गरिबी, साङ्घातिक नाडीले वैधव्यहानि, समुदाय नाडीले परिवारबाट विच्छेद, वैनाशिक नाडीले पति-पत्नी दुवैको मृत्यु हुने नामानुसारी अर्थ दर्साउँछ। त्यस्तै मण्डल विचारको पनि कुरा छ। यी सबै मिलान विधि हेर्दा समग्र घटक मिलेको स्थिति पाउन अत्यन्त दुर्लभ छ।

नाडीका अतिरिक्त नक्षत्रहरूका बीच वेधको पनि कुरा छ, जस्तै मृगशिराको चित्रा एवम् धनिष्ठाका बीच वेध हुन्छ, जसलाई शिखरवेध भनिन्छ। रोहिणी, हस्ता, श्रावण, आर्द्रा, स्वाती, शतभिषाका बीच पनि वेध हुन्छ, जसलाई कण्ठवेध भनिन्छ। त्यस्तै कृतिका, उत्तरफाल्गुनी, उत्तरषाढा, पुनर्वसु, विशाखा एवम् पूर्वभाद्रका बीच पनि वेध हुन्छ, त्यसलाई कुशीवेध भनिन्छ। त्यस्तै भरणी, पूर्वफाल्गुनी, पूर्वषाढा, पुष्य, अनुराधा एवम् उत्तर भाद्रपदका बीच पनि वेध हुन्छ। त्यस्तै अश्विनी, मघा, मूल, अश्लेषा, ज्येष्ठा एवम् रेवतीका बीच पनि परस्पर वेध हुन्छ। यसलाई यात्रावेध भनिन्छ। यसरी २७-२८ नक्षत्रमध्ये नाडी लागेर तीन भागको एक भाग नक्षत्र पाखा लाग्छन्। त्यस्तै कति वेध लागेर घट्छन्। त्यस्तै षड्नाडीका जन्म, कर्म, मानसबाट निर्धारित नक्षत्रहरू घट्ने स्थिति पनि छँदै छन्। कतै घातले पनि घट्छन्। शुभयोगका निम्ति जम्मा कति नै नक्षत्र बाँकी रहन्छन्। कतिसँग कतिको मेल हुन आउँछ र ? वास्तवमा नाडी, वेध, घात आदि समग्र घटक हेर्दै जाने हो भने भनेजस्तो वरकन्याको मिलान मिल्न नै मुश्किल पर्छ। निकाष खोज्ने क्रममा यी धेरै कुराले दिग्भ्रमित मात्र पार्दछन्। रूप, सीप, योग्यता, शारीरिक बनोटका अतिरिक्त यति धेरै गुणगणको चक्र, चक्रव्यूहमा फसेर उम्कनु कम गाह्रो कुरा होइन, तसर्थ मुख्य मिल्नै पर्ने घटक वा तथ्य कुन हो ? त्यो नमिले त्यसको परिहार कसरी हुन्छ ? त्यो हेरेपछि दोषको उपयुक्त परिहार देखियो भने निर्णयमा पुगिहाल्नु पर्छ।

**निष्कर्ष**

गुरुकुलमा बसेर ब्रह्मचार्य पालन गरेर स्नातक भइसकेपछि लक्षणयुक्त कन्याका साथमा विवाह गर्नुपर्छ भनेर धर्मशास्त्रले निर्देश गरेको छ धर्मशास्त्रले निर्देश गरे अनुरूप समान वर्णकी अनि कन्यामा हुनुपर्ने लक्षणहरूले युक्त भएकी कन्या विवाह गर्नु गृहस्थ आश्रममा प्रवेश गर्न चाहनेहरूको कर्तव्य या धर्म हो। समान वर्णमा पनि आमातिर कि असपिण्डा अनि पितातिरकी असगोत्रा कन्या नै विवाहका लागि योग्य हुने भन्ने कुरा शास्त्रमा बताइएको छ। पतिपत्नी दुवै मिलेर धार्मिक आचरण गर्न इहलोक र परलोक सुधार्न सन्तान उत्पादन गर्न र मर्यादामा रहेर आफ्ना काम बासनाका चाहनाहरू पूरा गर्न पनि विवाह गर्ने शास्त्रीय निर्देशन रहेको छ महिला र पुरुषको वैवाहिक सम्बन्ध नै गृहस्थ आश्रम हो। धर्मशास्त्रले गृहस्थ आश्रममा रहेर यी यी धर्महरू गर्नु यी कर्तव्यहरू पूरा

गर्नु भनेर जे धर्म जुन कर्म निर्दिष्ट गरेको छ पतिपत्नी मिलेर तिनै धर्महरू र तिनै कर्तव्यहरू पूरा गर्नु नै विवाहको परम लक्ष्य हो ।

**सन्दर्भग्रन्थ सूचि**

कौटिल्यीय-अर्थशास्त्रम्, डा.श्यामलेश कुमार तिवारी, चौखम्बा सुरभारती प्रकाशन, बनारस, सन् २०१७ ।
गरुडपुराण, तिलकप्रसाद लुँइटेल, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौ, २०७० ।
पन्थी, लक्ष्मीकान्त, हिन्दू संस्कार परिचय र विमर्श, पृ.११७, रत्न पुस्तक भण्डार, २०७३ ।
प्रा.कपिल अज्ञात, https://www.safalkhabar.com/news/२३३००
भविष्यपुराणम्, गीताप्रेस गोरखपुर, पुनर्मुद्रण सन् २०२४.
मनुस्मृति, मनु, व्याख्याः शिवराज आचार्य कौडिन्यायन, चौखम्बा विद्याभवन, बनारस, सन् २००७ ।
मुहूर्तचिन्तामणि, विन्ध्येश्वरी प्रसाद द्विवेदी, चौखम्बा सुरभारती प्रकाशन, बनारस, सन् २०१७ ।
https://www.hamropatro.com/posts/articles.hamro.jyotish/articles.hamro.jyotish.kundali ra kundali milan.